# नियमावलीमा संशोधनको सूचना

श्री सचिव,
प्रतिनिधि सभा, नेपाल
म प्रतिनिधि सभा नियमावली, २०७९ को मस्यौदामा देहाय बमोजिमको संशोधन पेश गर्न चाहान्छु ।

**प्रतिनिधि सभा नियमावली, २०७९**

| क्र.स. | नियमावलीको | | | | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | १२ | (१) | | | उपदफा थप गर्न पर्ने | कार्यसूची तैयार गर्दा प्रत्येक ३ घण्टामा खाजाको लागि १ घण्टा विश्राम समय राखिनेछ ।<br>तर विशेष अवस्थामा सभामुखको निर्देशन अनुसार विश्राम समय, अविधि हेरफेर वा खारेज पनि गर्न सकिनेछ । | लामो समय खाजा र विश्राम नलिई काम गर्दा कार्यसम्पादनमा असर पर्ने र निश्चित खाजा समय नतोक्दा सदस्यहरू विभिन्न समयमा खाजाको लागि सदन बाहिर जाने गर्नु भएकोले सदनमा चल्ने बहस छुट्न जाने हुँदा, समय नै तोकेर विश्राम लिनु उपयुक्त भएकोले |
| २ | १०४ | | | | विधेयकको वितरण : सचिवालयमा विधेयक दर्ता भएपछि सरकारी विधेयकको हकमा दुई दिन<br>र गैर सरकारी विधेयकको हकमा चार दिनभित्र प्रत्येक सदस्यलाई विधेयकको प्रति उपलब्ध<br>गराइनेछ । | विधेयकको वितरण : सचिवालयमा विधेयक दर्ता भएपछि सदस्यलाई वितरण गर्नु पर्नेछ ।<br>(१) सभाको वेभसाइटमार्फत सोही कार्यदिनमा उपलब्ध गराइनेछ ।<br>(२) सरकारी विधेयकको हकमा दुई दिन र गैर सरकारी विधेयकको हकमा चार दिनभित्र प्रत्येक सदस्यलाई विधेयकको प्रति उपलब्ध गराइनेछ ।<br>(३) विधेयक मीतव्ययी तरिकाले छापिनेछ । | वेभसाइटमा छिटो राख्न सकिने र पारदर्शिता पनि हुने भएकोले |
| ३ | ११२ | | | | ... सामान्य छलफल समाप्त भएको बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको शंशोधन सहितको सूचना सचिवलाई दिनु पर्नेछ । | ... सामान्य छलफल समाप्त भएको एक सय चवालिस घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना सचिवलाई दिनु पर्नेछ । सामान्य छलफल सकिए पछि सचिवले संशोधन लिने म्याद, मिति र समय बारे लिखित सूचना जारी गर्न पर्नेछ । | ७२ घण्टे समयावधि अपर्याप्त भएकोले |
| ४ | ११४ | (२) | | | (२) उपनियम (१) बमोजिमको स्वीकृत एकीकृत संशोधनको विवरण सदस्यलाई उपलब्ध गराइनेछ । | (२) उपनियम (१) बमोजिमको स्वीकृत एकीकृत संशोधनको विवरण सदस्यलाई उपलब्ध गराइनेछ र सोहि कार्यदिनमा सभाको वेभसाइटमा पनि राखिनेछ । | वेभसाइटमा राख्दा पारदर्शी हुने भएकोले |
| ५ | २५५ | | | | कार्यतालिका बनाई लागू गर्न सक्ने : सभाले सुव्यवस्थित ढङ्गले कार्यसम्पादन गर्ने सम्बन्धमा कार्यतालिका बनाई लागू गर्न सक्नेछ । | कार्यतालिका बनाई लागू गर्नु पर्ने : सभाले सुव्यवस्थित ढङ्गले कार्यसम्पादन गर्ने सम्बन्धमा कार्यतालिका बनाई लागू गर्नु पर्नेछ । | कार्यतालिका ऐच्छिक हैन अनिवार्य रुपमा लागू गर्न पर्ने भएकोले |
| | | | | | | | |

(१) नाम, थर: सुमना श्रेष्ठ दस्तखत: क्र. स.: २५२ मिति २०७९ - १२ - ०८